आज मिति २०७७।०३।२५ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री पर्शुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - नगरकार्यपालिका सदस्य
१४. श्री जानुका कमर - ,, ,,
१५. श्री मदन कुमारी कार्की - ,, ,,
१६. श्री विमला राई - ,, ,,
१७. श्री अस्मिता नेपाली - ,, ,,
१८. श्री प्रमिला दनुवार - ,, ,,
१९. श्री सुन्दर प्रकाश साह - ,, ,,
२०. श्री शिव प्रसाद दुमगाई - प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. नगर सभा सम्बन्धमा ।
२. नीति, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
३. दोस्रो चरणको राहत वितरणको पे०को सम्बन्धमा ।
४. बहुक्षेत्रीय पोषण तर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।
५. एम्बुलेन्सहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा ।
६. न०पा०ले तयार गरेका कानुनहरु स्वीकृत गर्ने सम्बन्धमा ।
७. घाटगद्दी प्रमाणित गरि बालुवा बिक्रिको अनुमति दिने सम्बन्धमा

८. आर्थिक सहयोग (विपद् राहत) सम्बन्धमा ।
९. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१०. स्वास्थ्य चौकी भवन सिद्धिपुरको सम्बन्धमा ।
११. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत यस नपाको वडा नं. ८ र १० को सिमानामा आधुनिकिकरण कार्यको भुक्तानी सम्बन्धमा ।
१२. निर्माण इजाजत दिने सम्बन्धमा ।
१३. कान्धाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को माग सम्बन्धमा ।
१४. कोरोना कोषमा रकमान्तर गर्ने सम्बन्धमा ।
१५. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा ।
१६. वडा कार्यालय अगाडी बाट देवथान जोने बाटोको ढल निर्माण वडा नं. १० सम्बन्धमा ।
१७. सार्वजनिक सुनवाई गर्ने सम्बन्धमा ।
१८. ~~औंतारी थानबाट हिडकमाइट खोला जोने बाटोको कलभर्ट सम्बन्धमा ।~~
१९. ~~उदयपुर स्पोर्ट्स क्लबको माग सम्बन्धमा ।~~

छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नपाको आगामी आ.व. २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम सार्वजनिकिकरणको लागि मिति २०७७/०३/२८ गते नगर सभाको आयोजना गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नपाको आ.व. २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम मिति २०७७/०३/१० गते नगर सभा समक्ष पेश भएकोमा उक्त सभाबाट केही संशोधन सहित कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने निर्णय भएको र सोही निर्णय अनुसार नगर तथा वडाका बजेटहरुमा केही संशोधन सहित तयार भएको हुँदा उक्त संशोधन सहित पेश भएको नीति, बजेट तथा कार्यक्रम सर्वसहमतिबाट स्वीकृत गरियो । साथै उक्त नीति, बजेट तथा कार्यक्रम अनुमोदनको लागि मिति २०७७/०३/२८ गते बस्ने नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नपाले लकडाउनबाट प्रत्यक्ष प्रभावित हुने विपन्न परिवारलाई वडा मार्फत दोस्रो चरणको राहत वितरण गरिएकोमा वडा कार्यालयहरुबाट फरक फरक दररेटमा राहत सामाग्री खरिद भई आएको हुँदा उक्त पेश भई आए अनुसारको दररेटलाई कायम गरि पेश्की फर्छ्यौट गर्ने निर्णय गरियो ।

नि.प्र.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नपा बहुक्षेत्रीय पोषण तर्फको बजेट तथा कार्यक्रम तपसिल अनुसार संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

आ .बा . २०७६/०७७ बजेट शीर्षक : बहुक्षेत्रीय पोषण कार्यक्रम (३६५००१६)

| शंशोधन गर्ने कार्यक्रम / आयोजा / क्रियाकलाप | शंशोधित कार्यक्रम | रकम |
|---|---|---|
| १ सुनौला हजार दिनका आमाहरूलाई पोषण सुधारको लागि व्यान्टिक टनेला तरकारी उत्पादन प्रदर्शन (प्राङ्गारिक प्रविधिमा आधारित मल तथा सिड किट वितरण | सुन्केरी कोसेली प्याकेज | १८०००० |
| २ सुनौला हजार दिनका आमाहरूलाई पोषण सुधार लागि (DUAL PURPOSE ) कुखुरा वितरण एक महिने | सुन्केरी कोसेली प्याकेज | १५०००० |
| ३ सुनौला हजार दिनका आमाहरूलाई पोषण सुधारका लागि ( सबै विषयगत शाखाहरू संलग्नतामा) तालिम सञ्चालन | सुन्केरी कोसेली प्याकेज | १५०००० |
| ४ किशोरी तथा सुनौला हजार दिन भित्रका आमाहरूलाई पूर्ण ... (स्थान स्थान समयमा साबुन पानीले हात धुने बानि , पानी शुद्धिकरण गर्ने उपाय बारे तालिम | सुन्केरी कोसेली प्याकेज | १५०००० |
| ५ किशोरी तथा अभिभावक बिच बाल विवाह लैंगिक हिंसा तथा सामाजिक गलत अभ्यास सम्बन्धि १ दिन अभिमुखिकरण सबै वडाहरूमा लैंगिक विश्लेषण ... पद्धतिको आधारमा | सुन्केरी कोसेली प्याकेज | १६०००० |

नि.प्र.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय सप्ताह अभियान खोप कार्यक्रम २०७६ को लागि पि.पि.आर, स्वाईन फिवर र खोरेतको खोप नगर भरी सञ्चालन गर्नको लागि खटाईएका भ्याक्सिनेटरहरूलाई भ्याक्सिन सञ्चालनको लागि दिनुपर्ने नपुग पारिश्रमिक रकम रु. १,२५,०००/- यस नपाको नगर प्रमुख कोष बाट उपलब्ध गराउने निर्णय गरियो । उक्त भ्याक्सिनेटरहरू — तपसिल अनुसार रहेको छ ।

तपसिल

१. राजेन्द्र कुमार चौधरी - ~~...~~
२. अम्बिका कुमारी बि.क. -
३. खड्ग बहादुर मगर -

[signature]

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नपाले तयार गरेका तपसिलका कानुनहरु स्वीकृत गर्ने निर्णय गरियो साथै उक्त कानुनहरु अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. चौदण्डीगढी नपाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७७
२. चौदण्डीगढी नपाको कृषि अनुदान वितरण कार्यविधि, २०७७
३. चौदण्डीगढी नपाको बालगृह संचालन कार्यविधि, २०७७
४. चौदण्डीगढी नपाको आर्थिक कार्यविधि ऐन, २०७७
५. उदयपुर कोभिड १९ अस्पताल सञ्चालन कार्यविधि, २०७७
६. चौदण्डीगढी नपाको मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७
७. चौदण्डीगढी नपाको सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७७
८. चौदण्डीगढी नपाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७
९. चौदण्डीगढी नपाको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालन कार्यविधि, २०७७
१०. जनतासँग उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७७

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नपाको वडा नं. ५ शिवारमा रहेको वेडी स्याण्ड प्रोसेसिङ उद्योगले १५००० घ.मि. बालुवा संकलन गरि सोको राजश्व समेत नपामा दाखिला गरिसकेको हुँदा सो सम्बन्धमा यस नपाको राजश्व परामर्श समितिको निर्णय अनुसार उक्त बालुवाको घाटगद्दी प्रमाणित गरि बिक्रि वितरणको लागि अनुमति दिने निर्णय गरियो। साथै यस नपाको कर्मचारी विक्रम राकेशलाई अमानतमा नदिजन्य पदार्थको राजश्व संकलन गर्न खटाइएकोमा उक्त समयको खाना, खाजा खर्च बापत दैनिक रु. ५००।- उपलब्ध गराउने निर्णय गरियो। साथै वडा नं. १ बस्ने राज नारायण चौधरीको माग निवेदन अनुसार निजले त्रियुगा नदि नियन्त्रणको आवश्यक ढुंगा मनन कन्स्ट्रक्सन संग खरिद गरी स्टकमा राखेको हुँदा उक्त २३.४० घ.मि. ढुंगा उक्त योजना निर्माणको लागि माडीवास बाट ल्याउने सम्मलाई अनुमति दिने निर्णय गरियो।

नि. नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गापाको विभिन्न वडाहरूमा विभिन्न समयमा भएको विपद्हरूबाट क्षति भएका तपसिलमा उल्लेखित व्यक्तिहरूलाई तपसिले अनुसारको राहत सामाग्री तथा आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

हात्ती आक्रमण

१. मोहन कुमार तामाङ्ग वडा नं. ३ रु. ५०००।-
२. देवीमाया मगर वडा नं. ३ रु. ३०००।-

हावाहुरी

१. अनिता राई वडा नं. ४ जस्ता पाता - ४ बण्डल
२. रित बहादुर मगर वडा नं. ४ जस्तापाता - २ बण्डल
३. कुमुद बहादुर कार्की वडा नं. ८ जस्ता पाता - ४ बण्डल
४. शिव कुमार परियार वडा नं. ८ - जस्ता पाता - ४ बण्डल

नि. नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गापाको विभिन्न वडामा बस्ने अतिविपन्न नागरिकहरूको स्वास्थ्य उपचारको लागि वडा कार्यालय हरूबाट उपचार आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा तपसिल अनुसार औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.
११.
१२.

Malh

नि.नं.१० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नपाको वडा नं. ८ सिद्धिपुरमा स्वास्थ्य चौकी भवन निर्माणको लागि गत आ० व०मा स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त भई ठेक्का मार्फत भवन निर्माण कार्य सम्पन्न गरिएको र उक्त भवनको गत आ० व० मा भुक्तान नभई फिर्ता भएको रकम चालु आ० व० मा हाल सम्म प्राप्त नभए तर आउने प्रक्रियामा रहेको हुँदा उक्त रकम प्राप्त भए पश्चात सोधभर्ना गर्ने गरि हाल लाई यस नपाको नगर प्रमुख कोष बाट रु. १०,००,०००।- रकम उक्त भवन निर्माण कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा सांसद विकास कोष अन्तर्गत स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट यस नपा को वडा नं. ९ र १० मा सिंचाईमा आधुनिकिकरण शीर्षकमा विनियोजित रकम रु. २०,००,०००।- बाट सिंचाई मोटर वितरण कार्य सम्पन्न भई नगर स्तरीय अनुगमन समितिबाट अनुगमन भई आएको र वडा नं. १० बाट समेत भुक्तानी सिफारिस भई आएको ~~हुँदा तर~~ पाइयो । उक्त योजना संचालन/~~संचालन~~ कार्यान्वयन गर्ने सम्बन्धमा वडा नं. ९ र १० दुबैलाई नपा बाट पत्राचार गरिएकोमा वडा नं. ९ ले योजना कार्यान्वयनको लागि कुनै पनि कार्य अगाडि नबढाएको र सो को सबै प्रक्रिया १० नं. वडा बाट पुरा भई भुक्तानी ~~पेश~~ माग भई आएको हुँदा नगर स्तरीय अनुगमन प्रतिवेदन तथा वडा नं. १० को सिफारिस अनुसार उक्त कार्यको खर्च रकम भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नपाको 'घ' वर्गको निर्माण इजाजत कार्यविधि अनुसार प्रक्रिया पुरा गरी इजाजत -को लागी पेश हुन आएका तपसिल अनुसारका फर्महरुलाई — 'घ' वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

तपसिल

१. सितारास कन्स्ट्रक्सन चौं. नं. घी. ६
२. डि. आर० के० कन्स्ट्रक्सन चौं. नं. धी. ६

Manila

**नि.नं.१३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग दुलाकी राजमार्ग निर्देशनालय इटहरी अन्तर्गत संचालित राजाविराज - कुनौली सडक खण्ड - स्तरोन्नतीको लागी आवश्यक क्रसर उत्पादित सामानको लागि यस गा.पा. को वडा नं. ४ को चपरघरौटोल मुनी लामाखोला र त्रियुगा नदिको दोभानमा संचालित कान्छाराम कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को माग निवेदन अनुसार उक्त राजाविराज - कुनौली सडकको निर्माण कार्य सम्पन्न नभएकोले उक्त क्रसरलाई मिति २०७८।४।१ गते देखि २०७८ असार मसान्त सम्मको लागी संचालन गर्न - म्याद थप गर्ने निर्णय गरियो ।

**नि.नं.१४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा हाल महामारीको रुपमा फैलिएको कोरोना संक्रमण रोकथामको लागि यस गा.पा. ले संचालन गरेको क्वारेन्टीन तथा आइसोलेसन अस्पतालमा भएको खर्च हरु भुक्तानीको लागि तपसिल अनुसारको रकम रकमान्तर गरि गा.पा.को प्रकोप व्यवस्थापन (कोरोना कोषमा) ~~जम्मा गरी~~ मार्फत खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| साविक शीर्षक | संशोधित शीर्षक |
| --- | --- |
| | |

**नि.नं.१५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत यस गा.पा.को वडा नं. १ मा रु. ५०,००,०००।- बाट स्वास्थ्य चौकी भवन निर्माण कार्य भई रहेको हुँदा उक्त भवनको प्राविधिक मुल्याङ्कन अनुसारको खर्च रकम रु.          उपभोक्ता समितिलाई भुक्तानी दिने र बाँकी रहेको रकम रु. संघिय सरकारको च.नं.          मिति २०७७।१०। गतेको - परिपत्र अनुसार यस गा.पा.को प्रकोप व्यवस्थापन कोषमा जम्मा गरि कोरोना महामारी व्यवस्थापन कार्यमा खर्च गर्ने निर्णय गरियो

Scanned with CamScanner

नि.नं.१६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० को वडा कार्यालय अगाडीबाट देवघाट जाने बाटोमा ढल निर्माण को लागि यस नपा बाट ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको मा हालको लकडाउनको कारण निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा उक्त योजनाको म्याद मिति २०७७ मंसिर सम्मको लागि थप गर्ने निर्णय पारित गरियो ।

नि.नं.१७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नपाको तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई मिति २०७७/०३/२७ गते शनिबार दिनको ११ बजे वडा नं. ८ को विरेन्द्र बजारमा गर्ने निर्णय गरियो ।

नि.नं.१८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस नपाको वडा नं. ६ स्थित औंतारी थान देखी हिङ्गमाडुयोल • योल जाने बाटोमा निर्माण गरेको कल्भर्टको भुक्तानी गर्न बाँकी रकम रु. १५०,०००।- यस नपाको नगर प्रमुख कोष बाट भुक्तान दिने निर्णय गरियो ।

नि.नं.१९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा उदयपुर स्पोर्टस क्लब गाइघाट उदयपुर द्वारा गत आ०व० मा संचालित "प्रथम उदयपुर कप महिला भलिबल प्रतियोगिता २०७६" को लागि यस नपा बाट समेत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएको थियो तर गत आ०व० मा भुक्तान नभएको हुँदा उक्त भलिबल प्रतियोगिताको खर्च रकम रु. ३५,०००।- यस नपाको नगर प्रमुख कोष बाट उपलब्ध गराउने निर्णय गरियो । उक्त कार्यको १८ नम्बर तपसिले अनुसार प्रमाणित गरियो ।

तपसिल

Scanned with CamScanner